निर्णय प्रमाणित
[signature]

प्रस्तावहरु:

१. निर्णय कार्यान्वियनको समिक्षा सम्वन्धमा ।
२. संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन माथि छलफल सम्वन्धमा ।
३. गाउँपालिकाको संस्थागत स्वः मूल्यांकन सम्वन्धि अभिमुखीकरण सम्वन्धमा ।
४. कृषि कार्यक्रम संशोधन सम्वन्धमा ।
५. विविध ।

निर्णय नं. ०१

यस अघिको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो । प्राप्त सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ०२

यस भगवतीमाई गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन माथि छलफल गरियो र प्राप्त सुझाव तथा परिमार्जनलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ०३

यस भगवतीमाई गाउँपालिकाको गत आ.व. २०७७/०७८ को संस्थागत स्वः मूल्यांकन गर्नको लागि गाउँ कार्यपालिकाका पदाधिकारी र कर्मचारीहरुलाई अभिमुखीकरण गर्नुको साथै मिति २०७८ पौष मसान्तभित्र स्वः मूल्यांकन गरी सक्ने निर्णय गरियो ।

निर्णय नं. ०४

यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. २०७७/०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम निरन्तरता अन्तर्गत तपसिलका कार्यक्रम देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र. सं. | स्वीकृत कार्यक्रमको नाम | रकम रु. हजारमा | संशोधित कार्यक्रमको नाम | रकम रु. हजारमा |
|---|---|---|---|---|
| १. | एभोकार्डो र किवि बगैचा प्रवर्द्धन वडा नं. ०१ | १००। | किवि खेती बगैचा प्रवर्द्धन औजार उपकरण वडा नं. ०१ | २९०। |
| २. | ओखर खेती वडा नं. ०२ | २२५। | मौरीपालन घार तथा औजार उपकरण | ३००। |
| ३. | आँप/किवि/कागती/लिचि बिरुवा खरिद तथा लगाउने वडा नं. ०५ | २२५। | आँप/किवि/कागती/लिचि बिरुवा खरिद तथा लगाउने वडा नं. ०५ | ०। |
| ४. | आलुखेती बिउ मल औजार वडा नं. ०६ | २२५। | आलुखेती बिउ मल औजार वडा नं. ०६ | ०। |
| ५. | ओखर/किवि खेती बगैचा व्यवस्थापन/औजार उपकरण वडा नं. ०७ | १००। | ओखर/किवि खेती बगैचा प्रवर्द्धन/औजार उपकरण वडा नं. ०७ | २८५। |
| | | ८७५। | | ८७५। |